दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १९८ | बुटवल | २०८३ साउन १० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday July 26, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



**लागू औषध दुर्व्यसन नियन्त्रण गरौं**

-लागू औषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं।
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
-साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागू औषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
-समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं, -परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
-लागुऔषध प्रयोग नगरौं / नगराऔं।

**लागू औषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं।**

नेपाल सरकार विज्ञापन बोर्ड


### कमलले हाँकेको कपडा बैंक :

# फालिएका कपडा पुनःप्रयोग, विपन्नलाई राहत र वातावरण संरक्षण

**क्लोथ बैंकमार्फत् कमलको अभियानले अभाव र विपन्नतामा बाँचेका नागरिकलाई राहत, शहरी फोहोर व्यवस्थापन र वातावरण संरक्षणमा टेवा र सामाजिक सेवाको नयाँ अभियान उजागर गरेको छ।**

**टिआर शर्मा**

*बुटवल*







कसैको घरमा कपडाले दराजहरू भरिभराउ हुन्छ, अर्को परिवार कपडा अभावमा जाडोयाममा पनि कठाङ्ग्रिएर दिन कटाउन बाध्य हुन्छन् । समाजमा यस्तै असमानता र अभाव देखिरहेका गुल्मी इस्मा गाउँपालिकाका कमल जीसीले यसलाई फरक सोंच र दृष्टिले बुझे। उनले यस्तो समस्यालाई कपडाको अभावभन्दा पनि व्यवस्थापन र वितरणको समस्याका रुपमा बुझे।

विदेशमा सञ्चालन भइरहेका 'क्लोथ बैंक'को अवधारणाबारे अध्ययन गरे र कपडाको अभावमा कष्टकर जीवन बिताइरहेका मानिसहरूलाई निःशुल्क कपडा दिएर राहत पुऱ्याउने, शहरी फोहोर व्यवस्थापन र वातावरण संरक्षणमा टेवा पुराउने उद्देश्यले साढे दुई वर्षअघि क्लोथ एन्ड फुड बैंक नेपाल स्थापना गरे। देशमा कोही नांगो र भोको नरहुन् भन्ने उद्देश्यसहित २०८० पुसमा कमलको अगुवाइमा क्लोथ एन्ड फुड बैंक स्थापना भयो। गैरनाफामूलक संस्थाका रुपमा स्थापित क्लोथ एन्ड फुड बैंक अहिले नेपालको सबैभन्दा ठूलो कपडा पुनःप्रयोग अभियान बनेको छ।

स्थापनाको छोटो अवधिमै क्लोथ एन्ड फुड बैंक देशका करिब ३० जिल्लाका ६४ स्थानीय तह तथा विभिन्न सामाजिक संस्थाको सहकार्यमा १०५ भन्दा बढी कपडा बैंक (ड्रप बक्स) सञ्चालनमा छन्। काठमाडौं उपत्यकामा मात्रै ३८ वटा सेवा केन्द्र सञ्चालन भइरहेका छन्। हाल महिला, पुरुष र बालबालिका गरी दैनिक औसत दुई सय जनाले आफूलाई आवश्यक पर्ने कपडा निःशुल्क लैजाने गरेका छन्।

कमलको लक्ष्य भने यतिमै सीमित छैन। उनी नेपालका सबै ७५३ स्थानीय तहमा कपडा बैंक स्थापना गर्ने दीर्घकालीन योजना बोकेर अघि बढिरहेका छन् । कमलका अनुसार उनले कपडा प्रशोधनका लागि रुपन्देहीको तिलोत्तमामा ५ कठ्ठा क्षेत्रफलमा गोदाम घर भाडामा चलाएका छन् भने दुई वटा साना मेशिन छन् । तर मुख्य प्रशोधन मेशिन भने आफ्नो छैन । शुल्क तिरेर प्रशोधन गरिरहेका छन् । कमलका अनुसार गोदाम घर, दुई मेशिन, शोरुमलगायतमा हालसम्म डेढ करोड रुपैयाँ लगानी भइसकेको छ। क्लोथ बैंकले सिरक, डसना, सिरानी पनि उत्पादन गरेर निःशुल्क बाँडिरहेको छ।

**एउटा कपडाको दोस्रो जीवन**

क्लोथ बैंकमा पुगेका प्रत्येक कपडाको यात्रा नयाँ जीवनको कथा हो भन्छन्, कमल । प्रयोगविहीन नयाँ वा केही समय मात्र प्रयोग भएर क्लोथ बैंकलाई दान गरिएका कपडाहरु जस्ताको त्यस्तै वितरण हुँदैन। पहिले त्यसको वर्गीकरण गरिन्छ। त्यसपछि आधुनिक मेसिनबाट धुने, प्रशोधन गर्ने, स्यानिटाइज गर्ने, इस्त्री (आइरन) गर्ने र आकर्षक रूपमा पुनः प्याकिङ र लेबलिङ गरिन्छ। त्यसपछि मात्रै ती कपडा नयाँ प्रयोगकर्ताको हातमा पुग्छन्। 'प्रशोधनबाट नयाँ बन्ने ती कपडाले फेरि अर्को व्यक्ति र परिवारलाई राहत दिन्छ, उनीहरुको जीवनमा सम्मान र न्यानोपन दिन्छ,' कमल भन्छन्-'यहाँ दान वा हस्तान्तरण होइन, आवश्यकताअनुसार सम्मानपूर्वक आफैँ छनोट गर्ने अवसर हुन्छ, गरिब मात्र होइन जुनसुकै वर्गका व्यक्तिले कसैले थाहा नपाउने गरी आफूलाई आवश्यक कपडा रोजेर लैजान सक्नुहुन्छ।'

**दुई वर्षमै ६० करोड बराबरको सेवा**

कमलका अनुसार स्थापना भएको साढे दुई वर्षमै क्लोथ बैंकबाट १ लाख ६२ हजार ६ सय ४२ जनाले निःशुल्क कपडा प्राप्त गरिसकेका छन्। वितरण गरिएका कपडा तथा सामग्रीको अनुमानित मूल्य करिब ६० करोड रुपैयाँ बराबर पुगेको छ। नेपालमा कपडा पुनःप्रयोगमार्फत् यति ठूलो परिमाणमा सामाजिक सेवा सञ्चालन भएको उदाहरण विरलै भेटिन्छ।

क्लोथ बैंकअन्तर्गत प्रशोधन उद्योग, गोदाम घर, मुख्य शोरुम, कार्यालय, घरभाडा, विद्युत्, ढुवानी, २२ जना कर्मचारीको तलबलगायत सबै खर्च गरेर वार्षिक करिब एक करोड रुपैयाँ खर्च हुने गरेको कमल बताउँछन् । तर क्लोथ एन्ड फुड बैंकसँग कुनै आम्दानीको निश्चित र नियमित स्रोत नहुँदा आर्थिक व्यवस्थापनको पाटोले सधैँ पिरोल्ने गरेको कमलले गुनासो गरे । आफू र आफ्नो टिमले व्यवसाय गरेको नभइ सामाजिक र मानवीय सेवाको काम गरेको हुँदा तीनै तहका सरकारको आर्थिक सहयोग आवश्यक रहेको उनको तर्क छ । 'क्लोथ बैंक कुनै निजी व्यवसाय होइन, बरु सरकारलाई सहयोग गर्ने गैरनाफामूलक सामाजिक संस्था हो, यो अभियानलाई तीनै तहका सरकारले अपनत्व लिएर आर्थिक सहयोग गर्नुपर्ने हो,' कमलले भने-'अहिले केही स्थानीय तहबाट मात्र वार्षिक दुई लाखका दरले सहयोग जुटेको छ, यसले खर्च धान्न गाह्रो भएको छ, आफ्नो अन्य व्यवसायबाट कमाएको रकम, केही साथीको सहयोगले धान्दै आएको छु।'

**वातावरण बचाउने मौन अभियान**

क्लोथ बैंकको प्रभाव मानव सेवामा मात्रै सीमित छैन । विश्वव्यापी रूपमा कपडाबाट सिर्जित फोहोर वातावरणीय चुनौती बन्दै जाँदा नेपालमा पनि प्रयोग गर्न छाडिएका कपडा नदी, खोला, कुलो, नहर तथा डम्पिङ साइटमा पुगेर शहरी सौन्दर्यका बाधक र ठूलो प्रदूषण सिर्जना गरिरहेका छन्। एक तथ्यांकअनुसार कुल फोहोरमध्ये ३० प्रतिशतभन्दा बढी हिस्सा कपडाजन्य फोहोरको रहेको छ। क्लोथ बैंकले कपडाबाट सिर्जना हुने फोहोर न्यूनीकरण गर्न ठूलो भूमिका खेलेको वातावरणको क्षेत्रमा काम गरिरहेका अगुवाहरु स्वीकार्छन्।

'फ्याँकिने कपडा पुनःप्रयोग हुँदा डम्पिङ साइटमा जाने फोहोर घटेको छ, कुलो र नहर कपडाले थुनिने समस्या कम भएको छ,' वातावरण बचाउ आन्दोलन रुपन्देहीका संस्थापक नारायण सापकोटा भन्छन्-'क्लोथ बैंकले ठूलो मात्रामा फ्याँकिने कपडा संकलन र प्रशोधन गर्न थालेपछि स्थानीय तहको फोहोर व्यवस्थापन खर्च घटेको छ, वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुगेको छ ।' कपडा पुनःप्रयोगको संस्कार विकसित भए कपडा खरिदमा हुने अनावश्यक खर्च जोगिने र फोहोर व्यवस्थापनमा वर्षेनी हुने करोडौं रुपैयाँसमेत बचाउन सकिने भएकाले यसलाई वातावरण संरक्षणको सानोतिनो 'मौन क्रान्ति' भन्न सकिने सापकोटा बताउँछन्।

**विपद्का बेला राज्यको भरोसा**

क्लोथ एन्ड फुड बैंक अहिले विपद् व्यवस्थापनमा समेत सरकारको महत्वपूर्ण साझेदार बनेको छ । आगलागी, बाढी, पहिरो वा अन्य प्राकृतिक विपद्का बेला संस्थाले तत्काल कपडा, सिरक, डसना, सिरानी, ब्ल्याङ्केटलगायतका सामग्री ठूलो परिमाणमा उपलब्ध गराउने क्षमता विकास गरिसकेको छ। संस्थाले एकै दिनमा १० हजार जोर कपडा उपलब्ध गराउन सक्ने क्षमता बनाएको कमल बताउँछन्।

गत भदौको जेनजी आन्दोलनका क्रममा विस्थापित दर्जनौं प्रहरी कार्यालयहरुलाई २ हजार २ सय ६० सेट सिरक, डसना, सिरानी र ब्ल्याङ्केट वितरण गरिएको उनले बताए। नेपाल प्रहरीको नेतृत्वले पनि यो कुरा स्वीकारेको छ।

यसअघि विभिन्न प्राकृतिक विपद्का बेला पनि संस्थाले सयौं परिवारलाई राहत सामग्री उपलब्ध गराइसकेको छ । क्लोथ बैंकको अभियानले राज्यलाई राहत तथा पुनःस्थापनामा लाग्ने ठूलो आर्थिक भार कम गर्न सहयोग पुगेको गुल्मीको छत्रकोट गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेयले बताए।

'हाम्रो पालिकामा स्थापना भएको क्लोथ बैंक विपन्न नागरिकको लागि निशुल्क कपडा पाउने भरपर्दो एक मात्र थलो बनेको छ,' पाण्डेले भने-'क्लोथ बैंकबाट कपडा लैजाने नागरिकको संख्या बढ्दै गएको छ, नागरिकलाई ठूलो राहत मिलेको छ, पालिकाले पनि मानवीय सेवा गरेको सन्देश गएको छ।'


» *बाँकी ३ पेजमा*


## एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच तीन बुँदे सहमति



बुटवल। नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टीबिच प्रदेश सरकार गठन र सहकार्यका विषयमा तीनबुँदे सहमति भएको छ । शनिबार भएको उक्त सहमति पत्रमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले हस्ताक्षर गरेका छन्।

पछिल्लो समय प्रदेशसभामा बजेट निर्माणमा देखिएको असमझदारी, बजेटविहीनताको अवस्था र अस्वस्थ राजनीतिक प्रतिस्पर्धालगायतका समस्या समाधान गर्न दुई दलबिच सहमति पत्रमा हस्ताक्षर भएको हो ।

राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र तुल्याउन प्रदेश सभाहरूमा सहकार्य गर्ने र संयुक्त सरकार गठन गर्ने निर्णय दुई दलले गरेका छन्।

सहमतिअनुसार संयुक्त सरकारमा कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले गर्नेछ। त्यसैगरी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेपाली कम्युनिस्ट पार्टीले गर्नेछ।

## ट्राफिक राजस्व वृद्धि, दुर्घटनाको अवस्था चिन्ताजनक

**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देही जिल्ला ट्राफिक प्रहरी कार्यालयको बढ्दो सक्रियताका कारण पछिल्लो समय राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/०८३ को तथ्यांक अनुसार ट्राफिक नियम उल्लंघन गर्ने करिब ३७ हजार सवारीसाधनलाई कारबाही गर्दा ४ करोड ७२ लाख २३ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ। ओभरलोडतर्फ मात्र ३६ हजार ९ सय ३ वटा कारबाहीबाट करिब ११ करोड राजस्व संकलन भएको तथ्यांकले देखाएको छ, जसमा ट्राफिक प्रहरीको सिफारिसमा ६ हजार १ सय ८० वटा ओभरलोड गाडी यातायात कार्यालय पठाई थप कारबाहीबाट ६ करोड २८ लाख राजस्व उठेको छ। ट्राफिक नियम उल्लंघन गर्ने, रातो प्लेटमा यात्रु बोक्ने, स्वरूप परिवर्तन गर्ने, नवीकरण नगर्नेलगायतका ५ वटा सवारी साधन पनि यातायात कार्यालयबाट कारबाहीमा परेका छन्। नगरपालिकाको समन्वयमा दर्ता विना चलाइएका ६९५ वटा ई-रिक्सालाई कारबाही गरिएको छ। त्यस्तै, मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ५२६ जनालाई कारबाही गरिएको छ।

राजस्व संकलनमा राम्रो प्रगति देखिए पनि जिल्लामा सवारी दुर्घटनाको अवस्था भने निकै चिन्ताजनक छ। विगत एक वर्षको अवधिमा जिल्लामा १ हजार ७९ वटा सवारी दुर्घटना भएका छन्, जसमा परेर १ सय ७ जनाले अकालमै ज्यान गुमाएका छन् भने २ सय २४ जना गम्भीर घाइते भएका छन्। यस्तै ११ चौपायाको मृत्यु र २ चौपाया घाइते भएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख तथा प्रहरी निरीक्षक प्रतिमा कार्कीकाअनुसार अधिकांश दुर्घटनाहरू चालकको चरम लापरबाही र सडक अनुशासनको कमीले गर्दा भएको पाइएको छ। यसलाई न्यूनीकरण गर्न ट्राफिक नियम पालना र चेकिङमा कडाइ गर्नुका साथै सडकदेखि समुदायस्तरसम्म सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको उनले बताइन्। दुर्घटना न्यूनीकरणकै लागि ट्राफिक प्रहरीले सडकमै 'चालकसँग तीन मिनेट' कार्यक्रम सञ्चालन गरिरहेको छ, जुन निकै प्रभावकारी बन्दै गएको छ। यसका अलावा तालुक लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवल र यस कार्यालयको संयुक्त आयोजनामा शान्ति ऱ्याली र ट्राफिक सचेतना एवम् अभिमुखीकरण कार्यक्रमहरू पनि सम्पन्न गरिएका छन्।

सवारी दुर्घटना रोकथाम तथा ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन प्रहरीले कारबाहीलाई बहुआयामिक बनाएको छ । सडकमै लागुपदार्थ सेवन (ड्रग किट) को प्रयोग गरी सवारी चालकहरूको चेकजाँच गर्दा १७ जना लागुऔषध प्रयोगकर्ता चालक फेला परेका छन्, जसलाई नियमानुसार कारबाहीको दायरामा ल्याइएको छ। त्यसैगरी, सवारीसाधनको नम्बर प्लेट दुरुस्त पार्ने एक हप्ते विशेष अभियानअन्तर्गत ७ सय ३५ भन्दा बढी सवारीसाधनलाई नम्बर प्लेट सुधार गर्न लगाइएको छ। रातीको समयमा दुर्घटना न्यूनीकरण गर्न सवारीसाधनहरूबाट ८१२ वटा एक्स्ट्रा फोकस लाइट निकालिएको छ भने ध्वनि प्रदूषण नियन्त्रणका लागि ११९६ वटा प्रेसर हर्नहरू हटाइएको छ। यसै अवधिमा हराएका २ वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई बुझाइएको प्रहरीले जनाएको छ।




दैनिक लुम्बिनी

## सम्पादकीय

# निराशाजनक पुँजीगत खर्च

रूपन्देहीमा आर्थिक वर्ष २०८२/०८३ मा कुल बजेटको ६९ दशमलव ७८ प्रतिशत बजेट भएकोमा पुँजीगत खर्चतर्फ ३८ प्रतिशत मात्रै खर्च भएको छ। पुँजीगत खर्च नै विकास खर्च हो। विकास बजेट विनियोजन हुने, तर खर्च हुन नसक्ने प्रवृत्ति नरोकिँदा नागरिकले विकासको प्रतिफल पाउन सकेका छैनन्।

मुलुक संघीय शासन प्रणालीमा गइसकेपछि तहगत सरकारले बजेट विनियोजन गर्दछन्। स्थानीयतह, प्रदेश र संघीय सरकारले बजेट विनियोजन र खर्च गर्दै आएका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालयले दिएको यो तथ्याङ्क संघीय सरकार मातहत रहेका कार्यालयअन्तर्गतको हो। पुँजीगत खर्चको यो निराशाजनक तथ्याङ्कले बजेट विनियोजन, कर्मचारी व्यवस्थापन प्रणाली र औचित्यमाथि प्रश्न उठेको छ। चालु खर्च बढ्दो र पुँजीगत खर्च घट्दो तथ्याङ्कले मुलुकको अवस्था स्वस्थ नभएको संकेत गर्छ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार, आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट ३६ अर्ब २ करोड ९६ लाख ६७ हजार १० रुपैयाँ बजेट कायम गरेकोमा २५ अर्ब १४ करोड २ लाख ११ हजार ८७ रुपैयाँ खर्च भएको छ। रुपन्देहीका लागि यस आर्थिक वर्षमा चालूतर्फ २१ अर्ब ७ करोड २ लाख ७५ हजार ३ सय ३६ मध्ये १९ अर्ब ३९ करोड २४ लाख ४ हजार ७३ रुपैयाँ अर्थात् ९२ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ कुल बजेट १४ अर्ब ९५ करोड १३ लाख ९२ हजार ४ सय ७४ मध्ये ५ अर्ब ७५ करोड ३ लाख ६३ हजार १३ अर्थात् ३८ दशमलव ४६ प्रतिशत रकम खर्च हुनु निराशाजनक तथ्याङ्क हो।

यो पुँजीगत खर्च अघिल्लो आर्थिक वर्षको भन्दा ३० प्रतिशत कम भएको छ भने चालु खर्च १५ प्रतिशत बढेको छ। आर्थिक वर्ष २०८१-०८२ मा पुँजीगततर्फ ६० दशमलव ७२ प्रतिशत रकम खर्च भएको थियो। विकास बजेट खर्चका लागि समयमै टेण्डर नहुने, टेण्डर भएपछि आयोजनाको कामका लागि सरकारी कार्यालयहरुबिच समन्वयको अभाव र निर्माण व्यवसायीले समयमै काम नगर्दा समस्या छ। निर्माण सामग्रीको अभावलाई पूर्ति गरी आयोजना पूरा गराउन सरकारी निकायको पहलकदमी कमजोर छ। यो वर्ष बजेट खर्च कम हुनुको कारण निर्माण सामग्रीको अस्वभाविक मूल्यवृद्धि हो। निर्माण व्यवसायीले ठेक्का पाएको कामलाई 'वर्क होलिडे' गरेर मूल्यवृद्धिबाट उत्पन्न संकटबाट जोगिने प्रयासले पनि पुँजीगत खर्च घट्यो।

सरकारले पुँजीगत खर्च बढाउन अवलम्बन गर्नुपर्ने नीतिगत सुधारलाई ध्यान दिनुपर्छ। सार्वजनिक खरिद ऐनको संशोधनले केही आशा जगाएको छ। यद्यपी व्यवहारिक कार्यान्वयनको कसिमा यो ऐन हेर्न बाँकी छ। व्यवहारमा कार्यान्वयन कसरी हुन्छ, त्यसको प्रभावबाट मात्रै आगामी दिनको खर्च निर्धारण गर्दछ। बजेट विनियोजन हुनु र खर्च हुनु फरक हो। बजेट खर्च नतिजामुखी भयो भने मात्रै विकासले अपेक्षित गति लिन्छ र शासन प्रणालीप्रति नागरिकको भरोसा हुन्छ। तर बजेट खर्च सुस्त हुँदा नागरिकका चुलिएका आकांक्षा पूर्ति हुन समस्या हुन्छ।

### २७ वर्षे यात्रा संस्मरण:

# पत्रकार स्व. केशव पराजुली र नवलपरासीको पत्रकारिता



हरि शर्मा



पत्रकारिता गर्ने सबै पत्रकारहरू पत्रकारिताका इतिहास बन्न सक्दैनन्। धेरैले समाचार त लेख्छन्, तर केही मात्र मरेर गएपछि पनि समाजका लागि इतिहास बन्छन्। त्यस्तो इतिहास बन्नुभएको छ, पत्रकार स्वर्गीय केशव पराजुली। उहाँले जीवनभर पत्रकारिताको क्षेत्रमा कलम चलाउनुभयो, पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघको संस्था बनाउनुभयो, धेरै पत्रकारलाई यो पेशामा आबद्ध बनाएर नवलपरासीको विकासमा पत्रकारितमार्फत् इट्टा थप्ने काम गर्नुभयो र अन्तिम समससम्म पनि पत्रकारिताकै चिन्ता गर्दै यो संसारबाट बिदा लिनुभयो। आज उहाँ हामीबिच हुनुहुन्न। यसबिचमा उहाँसँग बिताएका क्षणहरु, पत्रकारितामा सिकाएका पाठ र देखाएका सपनाहरु हाम्रा आँखा सामु घुमिरहेका छन्। नेपाल पत्रकार महासंघ नवलपरासी शाखाको दोस्रो कार्यकालको रुपमा उहाँ वर्तमान अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो। अध्यक्षको जिम्मेवारी सम्हालेको डेढ वर्ष पुग्दै गर्दा उहाँले देखेका धेरै सपना अधुरै छाडेर हामीबिचबाट बिदा हुनुभएको छ। निधन हुनुभन्दा करिब ८ दिनअघि मात्र उहाँ नेपाल पत्रकार महासंघ जिल्ला शाखा नवलपरासीको माथिल्लो तलामा निर्माणाधीन पुस्तकालयका बारेमा कुरा गर्दै हुनुहुन्थ्यो। समयमा सम्पन्न हुन नसकेपछि उद्घाटन गर्ने सोँच उहाँको अपुरै रह्यो। लामो समयको बिरामीका कारण केही ढिलाइ भएको जिल्ला शाखाको साधारणसभा कसरी सम्पन्न गर्ने, लेखा परीक्षणलगायतका काम कसरी अघि बढाउने, पत्रकारका लागि केही स्थानीय तहबाट सञ्चालन हुने तालिम सञ्चालनमा भएको ढिलाइलगायतका विषयमा उहाँको चिन्ता त्यतिकै थियो। शरीर रोगले थलिएको थियो, तर मन अझै पत्रकारिता र संस्थाप्रति समर्पित थियो। केही समयअघि उहाँले यो पंक्तिकारलाई आफ्नै घरमा बोलाउनुभयो। महासंघका बैठक पुस्तिका, साधारणसभाका निर्णयलगायतका फाइलहरु निकालेर हेर्नुभयो। साधारणसभाको तयारी कसरी गर्ने, पत्रकार स्वर्गीय कृष्णबहादुर कार्कीको स्मृतिमा उहाँको परिवारले स्थापना गरेको पत्रकारिता पुरस्कार वितरणको व्यवस्था कसरी मिलाउने भन्नेबारेमा विस्तारमा कुरा गर्नुभयो। 'म केहीबेरका लागि भए पनि साधारणसभामा आउँछु' उहाँले मसँग भन्नुभएको वाक्य अझ पनि झल्झली सम्झिरहन्छु। तर नियतिले अर्को निर्णय गरिसकेको रहेछ, २०८३ साल असार २० गते शनिबार बिहान करिब ७ बजे उहाँ नवलपरासीको पत्रकारितालाई टुहुरो बनाएर कहिल्यै नर्फकिने यात्रामा निस्कनुभयो।

मेरो पत्रकारिताको यात्रा उहाँसँग २०५७ साल असोजदेखि जोडिएको हो। २०५७ सालमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जको सहयोगमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाले आयोजना गरेको एक हप्ते पत्रकारिता तालिममा सहभागी हुन उहाँकै प्रेरणाले पुगेको थिए। 'युवाहरु पत्रकारितामा आउनुपर्छ' भन्ने उहाँको विश्वासले नै हामीजस्ता धेरै युवाहरु पत्रकारितामा लाग्न अभिप्रेरित बन्यौ। पत्रकारिताको अक्षर सिकाउने शिक्षक मात्र होइन, अवसर दिने अभिभावक पनि उहाँ नै हुनुहुन्थ्यो। रेडियो परासीको समाचार शाखामा मलाई सहायक समाचार प्रमुखको जिम्मेवारी पनि उहाँले दिनुभयो। सम्पादन सिकाउनुभयो। समाचारको भाषा, तथ्यको महत्व, निष्पक्षताको मूल्य र पत्रकारिताको मर्यादा व्यवहारमै सिकाउनुभयो। जब मैले परासी पत्र साप्ताहिक पत्रिका प्रकाशन सुरु गर्ने निर्णय गरे, कार्यकारी सम्पादक बन्न आग्रह गर्दा उहाँले कुनै हिच्किचाहट गर्नुभएन। करिब एक दशक हामी एउटै सम्पादकीय यात्रामा हिँड्यौं। लोकतन्त्रमा सबैका आ-आफ्नै राजनीतिक आस्था हुन्छन्। हाम्रो पनि आफ्नै राजनीतिक आस्था हुनु स्वभाविक थियो। हामीबिचको राजनीतिक आस्था फरक थियो। तर समाचार लेखन र सम्पादका विषयमा हामीबिच एउटै आस्था र विचार थियो, पूर्वाग्राहीरहित, निष्पक्ष, तटस्थ र सन्तुलित समाचार। यसमा हामी तटस्थ थियौं। यस्तै समाचारका कारण हामीले आस्था राखेका संगठनहरुले हामीलाई स्पष्टीकरण मात्र सोधेनन्, निष्कासनसमेत गरे। तर हामीलाई पत्रकारिताबाट कसैले निष्कासन गर्न सकेन र सक्दैन। बरु यसले पत्रकारिताको निष्पक्षतालाई अझ बढी निखारपन र यस्तै पत्रकारिता गर्नमा अभिप्रेरित गऱ्यो।

सरल र शालीन स्वभावका पत्रकार पराजुलीको निष्पक्ष र पूर्वाग्रहरहित पत्रकारिताकाले जिल्लामा उहाँको नाम अझ गर्विलो बनेको थियो। उहाँकै सिको गर्दै मेरो २७ वर्षे पत्रकारिताको अभ्यासमा मलाई पनि निखारपन ल्याउनमा धेरै मद्दत मिलेको छ। उहाँसँग सामान्य समाचार लेखनदेखि माओवादी सशस्त्र समयमा नवलपरासीका विकट गाउँमा पुगेर थुप्रै पटक द्वन्द्व समाचार संकलन र सम्प्रेषण गरेका स्मरण अझ पनि ताजै छन्।

उहाँका लागि पत्रकारिता पेशा मात्र थिएन, जीवन थियो। बिरामी हुँदा पनि उहाँको चिन्ता आफ्नै स्वास्थ्यभन्दा महासंघको संस्थागत र पत्रकारिताको भविष्यमै थियो। कलेजो क्यान्सले शरीर गलाउँदै थियो, तर उहाँको पत्रकारिताप्रतिको सोंच कहिल्यै गल्न सकेन।

नवलपरासीको पत्रकारिताको इतिहास लेख्दा नेपाल पत्रकार महासंघको आफ्नै भवन निर्माणको प्रसंग कहिल्यै छुट्दैन। त्यो भवन बनाउँदा बिहान उज्यालो नहुँदै मलाई बिस्तारबाट उठाउन आउनुहुन्थ्यो। 'आज इट्टा लिन जानुपर्छ, आज बालुवाको सहयोग माग्नु पर्छ, आज फलानो नेतासँग भेट्नुपर्छ' भन्दै दिनभरी संस्थाका लागि दौडिनुहुन्थ्यो। स्वर्गीय कृष्णबहादुर कार्की र केशव पराजुलीको त्यो समर्पणकै परिणाम हो, आज केन्द्रबाहेक देशभरका पत्रकार महासंघको भवन निर्माण गर्ने पहिलो शाखाका रुपमा नवलपरासी शाखा गौरवका साथ उभिएको छ। २०४७ सालमा स्थापना भएको नेपाल पत्रकार महासंघ जिल्ला शाखा नवलपरासीको सदस्यहुँदै २०५१ र २०५९ मा सचिव, २०५६ सालमा कोषाध्यक्ष तथा २०६१ सालमा अध्यक्ष रहनुभएको थियो। अहिले वर्तमान अध्यक्ष हुनुहुन्थ्यो। यो बिचमा मैले पनि उहाँसँगै सदस्य, सचिवको जिम्मेवारीमा काम गर्ने अवसर पाए। म दुई कार्यकाल अध्यक्ष हुँदा उहाँको संस्थागत र पत्रकारिताको सहयोग मेरा लागि अवस्मरणीय रहनेछन्। आफू पदमा नहुँदा पनि संस्थागत पत्रकारिता विकासका लागि मलाई सधैं झक्झकाएर अघि बढाउने उहाँको बानी मेरा लागि स्मरणमा मात्र सीमित रहने छ।

हुलाकमार्फत् समाचार पठाउने समयदेखि डिजिटल प्रविधिको युगसम्म आइपुग्दा पत्रकारितामा आएको परिवर्तनलाई आत्मसात् गर्दै निरन्तर सक्रिय रहनुभएका पराजुली नयाँ पुस्ताका पत्रकारका लागि प्रेरणाको स्रोत मानिनुहुन्थ्यो।। उहाँको सरल स्वभाव, व्यावसायिक निष्ठा र पत्रकारिता प्रतिको समर्पणले जिल्लाको सञ्चार क्षेत्रमा विशिष्ठ पहिचान बनाएको थियो।

उहाँले कहिल्यै आफूलाई अगाडि राख्नुभएन। संस्था अघि बढोस्, पत्रकार अघि बढुन भन्ने चाहना थियो। जिल्लामा पत्रकारिताको संस्थागत विकासमा उहाँको सक्रियता अन्तिम समयसम्म पनि रोकिएन।

पत्रकार गोविन्द वियोगी र होमनाथ दाहालले नेतृत्व गरेको मातृभूमि साप्ताहिकबाट उहाँको पत्रकारिताको यात्रा सुरु भएको थियो। नवलपरासीमा दर्ता भई २०४५ सालदेखि बुटवलबाट प्रकाशन सुरु भएको दैनिक लुम्बिनीमा संस्थापक संवाददाताका रुपमा आबद्ध भएर सक्रिय पत्रकारितामा लाग्नु भएका उहाँ अन्तिम समयसम्म पनि सोही पत्रिकामा कार्यरत हुनुहुन्थ्यो। लुम्बिनी दैनिकले खटाएपछि उहाँ दाङ पुगेर दुई वर्ष पत्रकारिता गर्नुभयो। सोही क्रममा उहाँ नेपाल पत्रकार महासंघ दाङ शाखाको संस्थापक सदस्यसमेत रहनुभएको थियो। रेडियो लुम्बिनी, तिनाउ एफएम, रेडियो नेपालमा पनि उहाँ आबद्ध भएर नवलपरासीको पत्रकारितालाई अघि बढाउनुभएको थियो।

२०२६ असोज ११ गते पाल्पाको ख्याहामा जन्मिएर नवलपरासीलाई कर्मभूमि बनाउनुभएका उहाँले झन्डै चार दशक यही नवलपरासीको माटोमा पत्रकारिता गर्नुभयो। पराजुलीले झन्डै ३९ वर्ष नवलपरासीमै रहेर पत्रकारितामा जीवन बिताउनु भयो। प्रजातन्त्र स्थापनाका क्रममा २०४५ सालमा परासीमा भएको आन्दोलन होस् वा प्रेस स्वतन्त्रता र लोकतन्त्र स्थापनाका लागि भएको आन्दोलनमा उहाँको योगदान अविस्मरणीय छ।

पराजुलीका बुबा(माधव )सहित ठूलो बुबा (चैतन्य शर्मा) र काका(अच्युत)हरु तीन भाइले परासीमा सञ्चालन गरेको पुस्तक पसल व्यवसायलाई निरन्तरता दिन २०४३ सालमा परासी आउनु भएको थियो। त्यसअघि उहाँ २०४१ सालमा काकासँग बुटवल आउनु भएको थियो। उहाँका ठूलोबुबा चैतन्य शर्मा वकिल हुनुहुन्थ्यो। नेपाल बार एसोसियशन नवलपरासीका अध्यक्षसमेत रहनुभएका उहाँको ठूलोबुबा चैतन्यको सल्लाह र पुस्तक पसलमा त्यस समयमा आउने विभिन्न साप्ताहिक पत्रिकाका लेखले उहाँलाई पत्रकारितामा अभिप्रेरित गरेको उहाँले सुनाउनुहुन्थ्यो। दृष्टि, देशान्तर, मातृभूमि, राष्ट्रपुकारलगायतका साप्ताहिक पत्रिका उहाँको पसलमा आउँथ्यो। ति पत्रिका पढ्न साइकल लिएर त्रिवेणीबाट विभिन्न व्यक्तिहरु आउने गरेको उहाँले स्मरण गर्नुहुन्थ्यो। पञ्चायती विरोधीका पत्रिका आउँदा उहाँले लुकाएर नेताहरुलाई पुऱ्याएको पनि उहाँले सुनाउनुहुन्थ्यो। उहाँका यस्ता थुप्रै अनुभव र स्मरणका गाथाले हामीलाई पत्रकारितामा अभिप्रेरित गरेको हो।

नवलपरासीको पत्रकारितामा सबैका प्रिय उहाँ सायद स्वर्गमा पनि प्रिय लागेर होला ५७ वर्षको उमेरमा उहाँको यात्रा टुङ्गियो। उमेरले छोटो भए पनि योगदानले उहाँलाई धेरै अग्लो बनायो। आज उहाँ हामीबिच हुनुहुन्न, तर उहाँले निर्माण गरेको संस्था, उहाँले प्रशिक्षित गराउनु भएका पत्रकार, उहाँले सिकाएका मूल्य र उहाँले छाडेको प्रेरणा हरेक दिन हाम्रो साथमा छन्।

रामग्राम नगरपालिका-३ परासीमा बसोबास गर्दै आउनु भएका पराजुलीका श्रीमती र दुई छोरी हुनुहुन्छ। पराजुलीको निधनबाट नवलपरासीले एक सच्चा र कलमजीवी पत्रकारसँगै पत्रकारिताले अभिभावक गुमाएको छ। पुस्तकालयको अधुरो योजना, पत्रकारिताको भविष्यप्रतिको उहाँको समर्पण सबै अहिले आँखा भरी आउँछन्। त्यसपछि मनले एउटै कुरा भन्छ-'केशव पराजुली एउटा व्यक्ति मात्र हुनुहुन्नथ्यो, उहाँ नवलपरासीको पत्रकारिताको एउटा युग हुनुहुन्थ्यो।'

उहाँको निधनसँगै उहाँको कलम रोकिएको छ, तर उहाँले कोरिदिएको गोरेटो हाम्रा लागि कहिल्यै नरोकिने मार्गदर्शकका रुपमा रहनेछ। यही नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। भावपूर्ण श्रद्धा सूमन केशव दाइ।

*(लेखक नेपाल पत्रकार महासंघ नवलपरासी शाखाका निवर्तमान अध्यक्ष एंव परासी पत्र साप्ताहिकको सम्पादक हुनुहुन्छ।)*

## एक वर्षमा तीन हजार युनिट रगत सङ्कलन



चितवन। उपचारमा आउने बिरामीले सधैँ रगतको अभाव खेप्नु परेपछि भरतपुर अस्पतालले आफैँले रक्तसञ्चार केन्द्र सञ्चालनमा ल्याएको छ। केन्द्रमा गत एक वर्ष तीन हजार ८३५ युनिट रगत सङ्कलन भएको छ।

हरेक साताको सोमबार, बुधबार र शुक्रबार रक्तदान कार्यक्रम सञ्चालन गरिँदै आइएको केन्द्रले जनाएको छ। विसं २०८१ जेठदेखि नियमित रक्तदान कार्यक्रम गर्न थालिएको जनाउँदै रक्तसञ्चार केन्द्रका अधिकारी विष्णुप्रसाद बाँस्तोलाले ती दिनमा बिहान ८:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म रक्तदान गर्न सकिने बताए।

रक्तदान गर्नेलाई खाजाको व्यवस्था गरिनुका साथै अस्पतालले प्रमाणपत्र पनि दिने गरेको छ। उनका अनुसार खाजाको खर्च भरतपुर महानगरपालिकाले भुक्तानी गर्दछ। बिरामीका आफन्तहरूबाट धेरै रगत सङ्कलन हुने गरेको छ। कतिपय सङ्घ संस्थाले आफ्नो विशेष दिन पारेर रक्तदान कार्यक्रमसमेत आयोजना गर्दै आएका छन्।

साथै बाहिर गएर पनि रगत सङ्कलन गर्ने गरिएको केन्द्रका अधिकारी बाँस्तोलाले जानकारी दिए। अस्पतालका बिरामीलाई यहाँ सङ्कलन भएको रगतले नपुग्ने भए पनि केही हदसम्म आकस्मिक अवस्थामा सहयोग पुगेको उनको भनाइ छ। अस्पतालले बाँस्तोलाको नेतृत्वमा प्राविधिक र सहयोगी गरी पाँच जनाको टिमलाई रगत सङ्कलनमा खटाउँदै आएको छ।

## एकै दिन छ शालिक अनावरण



नेपालगञ्ज। नेपालगञ्ज उप-महानगरपालिकामा शनिबार एकैदिन छ वटा शालिक अनावरण गरिएको छ। नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले जेनजी आन्दोलनका क्रममा तोडफोड गरिएका ती ऐतिहासिक शालिकको अनावरण गरेकका हुन्।

स्वः पूर्वप्रधानमन्त्री सुशील कोइरालाको शालिकसँगै स्व गणेशमान सिंह, बीपी कोइराला, नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ, तत्कालीन राजा वीरेन्द्र शाह तथा सहिद सेतु विकका पुनर्निर्माण गरिएका शालिक नेपालगञ्जका अलगअलग स्थानमा पुनः स्थापित भएका हुन्।

अनावरण कार्यक्रममा नगरप्रमुख विष्टले इतिहासको सम्मानका साथै ऐतिहासिक व्यक्तित्वको योगदानलाई स्मरण गर्दै नयाँ पुस्तालाई इतिहासप्रति सचेत गराउने उद्देश्यले शालिक पुनर्निर्माण गरिएको बताए। उनले भने-"यी हाम्रा धरोहर हुन् जसले इतिहासलाई जीवन्त राख्ने छन्।"

अनावरण कार्यक्रममा जिल्लाका विभिन्न राजनीतिक दलका नेताकार्यकर्ताको सहभागिता थियो। स्व पूर्वप्रधानमन्त्री कोइरालाका बाहेक अन्य पाँच वटा शालिक निर्माणमा करिब रु २५ लाख खर्च भएको नेपालगञ्ज उप-महानगरपालिकाले जनाएको छ।

# मदन आश्रित स्मृति पार्कमा पुष्प तथा वृक्षरोपण



देवदह । रुपन्देहीको देवदह ७ शितलनगरमा रहेको देवदह मदन आश्रित स्मृति पार्कमा पुष्प तथा वृक्षरोपण गरिएको छ। देवदह मदन आश्रित स्मृति प्रतिष्ठानको आयोजनामा पुष्पलाल श्रेष्ठ तथा बीपी स्मृति दिवसको अवसरमा पार्कमा वृक्षरोपण गरिएको हो ।

पार्कमा पाम, धुपी, व्यागनवेली, रवरप्लान्ट, कपुरलगायतका एक सयभन्दा बढी बिरुवा रोपिएको प्रतिष्ठानले जनाएको छ । वृक्षरोपण कार्यक्रमको शुभारम्भ गर्दै देवदह नगरपालिका ९ का वडाध्यक्ष मोहनबहादुर जिसीले देवदहको मुटुमा रहेको देवदह मदन आक्षित स्मृति पार्कलाई सौन्दर्यकरण गर्न आवश्यक रहेकोमा जोड दिए ।

उनले देवदह मदन आक्षित स्मृति पार्कलाई व्यवस्थित गर्न नगरपालिकाले पनि अपनत्व लिन तयार रहेको बताए । वडाध्यक्ष जिसीले देवदह पर्यटकीय हिसाबले महत्वपूर्ण ठाउँ रहेकोले पार्कलाई व्यवस्थित र सौन्दर्यकरण गर्न सकिए देवदहलाई पर्यटकीय हवको रुपमा विकास गर्न सकिनेमा जोड दिए। उनले देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीय तह, विभिन्न संघसंस्था र नागरिकले हातेमालो गर्न आवश्यक रहेकोमा जोड दिए । उनले देशलाई अहिलेको अवस्थामा ल्याउन पुष्पलाल र बीपीको महत्यपूर्ण योगदान रहेको बताउँदै उनीहरुको योगदानलालई भूल्न नहुने उल्लेख गरे ।

देवदह मदन आश्रित स्मृति प्रतिष्ठानका अध्यक्ष ध्रुवराज न्यौपानेको अध्यक्षता, सचिव राजन अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा भिक्षुणी बौद्ध विहारका उपेख्या गुरुमालगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

वृक्षरोपण कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, सदस्य, जनप्रतिनिधि, स्थानीयवासीहरुको सहभागिता रहेको थियो ।

# ग्रामीण स्वावलम्बन सहकारीद्वारा २० प्रतिशत नाफा वृद्धि

**प्रकाश डोटेल**

*स्याङ्जा*




स्याङ्जाको ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी संस्था लि.ले आर्थिक वर्ष २०८२/८३ मा ८२ लाख रुपैयाँ खुदनाफा आर्जन गरेको छ। ८२ लाख खुदनाफा आर्जन गर्न सफल भएको सहकारीले अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा २० प्रतिशत नाफा वृद्धि गरेको हो ।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा संचालित सहकारीले खुदनाफामा २० प्रतिशत वृद्धि गर्दै ८२ लाख आर्जन गर्दा अघिल्लो वर्ष ६५ लाख रुपैयाँ मात्रै खुदनाफा गरेको थियो । ऋण असुलीदरमा समेत उत्कृष्ट उपलब्धी हासिल गरेको सहकारीले कुल लगानीको झण्डै ९९ प्रतिशत व्याज र किस्ता असुली गरेको जनाएको छ।

झण्डै ३५ करोड बराबरको आर्थिक कारोबार गरेको सहकारीले १७ करोड ५० लाख बचत संकलन गर्दै २७ करोड ५० करोड कर्जा लगानी गरेको जनाएको छ। दुई करोड भन्दा बढी शेयर पुँजी रहेको सहकारीले ८ करोड ५० लाख सहुलियत कर्जा ल्याएर चार हजार ५ सय ४६ सदस्यहरुलाई सेवा प्रवाह गर्दै आएको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले जानकारी दिए।

बचत कारोबारसँगै कृषिजन्य उत्पादनमा गाउँपालिकामै उत्कृष्टता हासिल गरी अगुवाइ गर्दै आएको सहकारीको जगेडा कोषमा तीन करोड १५ लाख र जोखिम कोषमा एक करोड ५० लाख रुपैयाँ रहेको छ । अर्जुनचौपारी गाउँपालिकाका ६ वटा वडामध्ये ५ वडामा सेवा प्रवाह गरेको सहकारीको दुई करोड बराबरको अन्य कोषहरु रहेको जनाइएको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गएको आर्थिक वर्षमा हरेक गतिविधिमा उपलब्धि हासिल गरेको सहकारीले शेयर सदस्यको आयआर्जन केन्द्रित नयाँ माध्यमको खोजीसँगै सहकारीको सेवालाई गाउँपालिका भरी कार्यक्षेत्र विस्तार गर्ने रणनीति लिएको जनाएको छ। नगदेबाली, मासु, तरकारी र दुग्धजन्य उत्पादनमा स्थानीय कृषकहरु आत्मनिर्भर उन्मुख बनाउँदै लगेको सहकारीका अध्यक्ष बोधनारायण रेग्मीले जानकारी दिए।

२१० समूह र १० वटा अन्तरसमूहमा झण्डै दुई हजार महिला र एक हजार पुरुष गरी तीन हजार शेयर सदस्य रहेको सहकारीले कर्जाको अधिकांश हिस्सा कृषिजन्य उत्पादनमा लगाएको छ । स्थानीय कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुको स्थानीय र छिमेकी बजारमा निकासी गर्दै आएको सहकारीमार्फत् खासगरी महिलाहरु आर्थिक गतिविधिमा संलग्न रहेका छन् ।

सहकारीले शेयर सदस्यको आयआर्जनमा टेवा पुऱ्याउन कृषि क्षेत्रमा लगानी केन्द्रित गर्दै आएको दाबी गरेको छ । कृषि क्षेत्रअन्तर्गत पशुपालनतर्फ बाख्रा, भैंसी, कुखुरा र बंगुरपालनलाई उच्च प्राथमिकता दिएको सहकारीले नगदे बालीतर्फ सुन्तला, कफी र मौसमी तथा बेमौसमी तरकारी खेतीमा उल्लेख्य लगानी वृद्धि गर्दै आएको जनाएको छ।

# कालीगण्डकी तटमा एक सय आठ तुलसी रोपण



गण्डकी। धार्मिक महत्व बोकेको कालीगण्डकी नदी तटको निरयघाटमा हरिशयनी एकादशीका अवसरमा शनिबार बागलुङ नगरपालिका-४ स्थित निरयघाटलाई मानवसेवा धाम बनाउने उद्देश्यसहित १०८ तुलसी रोपण गरिएको छ।

जिल्ला समन्वय समितिका प्रमुख अम्मरबहादुर थापा, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीलगायतको उपस्थितिमा तुलसी रोपण गरिएको हो । भक्तजन र शुभेच्छुकहरूबाट प्रतिमठ रु १० हजार ५०० सहयोग लिई तुलसी रोपण गरिएको मानवसेवा धाम विकास समितिका सचिव युक्तप्रसाद सुवेदीले बताए ।

ऐतिहासिकस्थल निरयघाटलाई मानवसेवा धामका रूपमा विकास गर्न गुरुयोजना बनाएर काम सुरु गरिएको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले बताए। बागलुङ नगरपालिका प्रमुख श्रेष्ठले निरयघाटलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न नगरपालिकाले मानवसेवा आश्रमसँगको सहकार्यमा योजनाबद्ध रूपमा पर्यटन प्रवर्द्धनका काम अगाडि बढाएको जानकारी दिए।

सोहीस्थानमा अहिले मानवसेवा आश्रमको भवन पनि निर्माणाधीन अवस्थामा रहेको छ। केही दशकअघिसम्म निरयघाटमा हरिबोधनी एकादशी पर्वमा ठूलो मेला लाग्ने गरेकामा अहिले उक्त मेला लोप भइसकेको छ । नगरपालिकासहित सरोकार भएका निकायको साझा प्रयासमा सो ठाउँको महिमालाई पुनःजागृत गर्न पहल अगाडि बढेको हो । निरयघाटमा लक्ष्मीनारायण, जङ्गेश्वर महादेव मन्दिर, विभिन्न आश्रमलगायत धार्मिक महत्वका स्थल छन् ।

हरिशयनी एकादशीमा तुलसी रोपण तय गरिएपछि निरयघाटमा बिहानैदेखि भक्तालुहरूको चहलपहल बढेको थियो । कालीगण्डकी स्नानका लागि पनि भक्तजन यहाँ जाने परम्परा छ । भजनकीर्तनसहित उल्लासमय वातावरणमा एकसाथ आठ सय मठमा तुलसी रोपण गरिएको थियो ।

हिन्दूधर्मअनुसार तुलसीलाई भगवान् विष्णुको प्रियस्वरूप तथा पवित्रताको प्रतीक मानिन्छ । घर आँगनदेखि मन्दिरसम्म तुलसी रोप्ने परम्पराले आध्यात्मिक शान्ति, धार्मिक आस्था र वातावरण संरक्षणको सन्देश दिने गरेको छ । हरिशयनी एकादशीदेखि चातुर्मास प्रारम्भ हुने भएकाले यस अवधिमा तुलसी रोपण, पूजाआराधना र संरक्षण गरेमा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ।

# गुणस्तरहीन खाद्यान्न बिक्री गर्ने ६२ उद्योगीविरुद्ध मुद्दा दायर




काठमाडौँ । गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेस प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमूनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ । उनका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ।

अनुगमनका क्रममा सङ्कलित नमूनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लङ्घन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताए।

आर्थिक वर्ष २०८२-८३ मा मधेस प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९ खाद्य नमूना सङ्कलन गरिएको थियो । तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमूनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ। सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिए।

खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेण्टको निरीक्षण गरेको जनाएको छ। यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ । नमूना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु ३८ लाख ३६ हजार १७० राजस्व सङ्कलन भएको प्रमुख दाहालले बताए।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेण्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु चार लाख २० हजार जरिवाना गरिएको उनले जानकारी दिए। सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु छ लाख ६७ हजार जरिवाना गरिएको थियो। कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ।

**फालिएका ...**

**दिगोपनको खोजी**

क्लोथ बैंकलाई दीगोरुपमा सञ्चालनका लागि आर्थिक स्रोत जुटाउन कमलले हाल काठमाडौंमा तीन वटा डोनेसन (थ्रिफ्ट) सप सञ्चालनमा ल्याएका छन् ।

त्यहाँ इच्छुक व्यक्तिले आफूलाई मन परेको कपडा लैजान सक्छन् र आफ्नो स्वविवेकअनुसार आर्थिक सहयोग गर्न सक्छन् । कतिपय स्थानीय तहले कपडा बैंक स्थापना गर्दा प्रति पालिका दुई लाखदेखि साढे दुई लाख रुपैयाँसम्म सहयोग गर्ने गरेका छन् । तर त्यसले मात्रै खर्च धान्न नसक्ने भएकाले देशभर एक सय डोनेसन सप सञ्चालन गर्ने दीर्घकालीन योजना बनाइएको कमलले खुलाए । हरेक स्थानीय तहमा एउटा क्लोथ बैंक स्थापना गर्न सकिए नेपालमा कपडाको अभावभन्दा पनि कपडाको सही व्यवस्थापनको संस्कार स्थापित हुने र त्यही संस्कारले वातावरण जोगाउने, गरिबीको बोझ घटाउने र मानवतालाई अझ बलियो बनाउने कमलको विश्वास छ।

**राज्यलाई बहुआयामिक लाभ**

क्लोथ एन्ड फुड बैंकको अभियानबाट राज्यले पनि प्रत्यक्ष लाभ पाइरहेको पाल्पाको रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए । फ्याँकिने कपडा पुनःप्रयोग हुँदा फोहोर व्यवस्थापन खर्च घटेको र नदी, कुलो र नहर सफा राख्न लाग्ने खर्च कम भएको कार्कीले बताए । 'प्राकृतिक विपद्का बेला कपडाजन्य राहत सामग्री क्लोथ बैंकबाट निःशुल्क चाहेको परिमाणमा उपलब्ध हुँदा राज्यलाई ठूलो फाइदा भएको छ,' कार्कीले भने-'क्लोथ बैंक हुन्थेन भने राहतमा बाँड्ने कपडाजन्य वस्तु खरिद गर्न ठूलो रकम राज्यकोषकाट खर्च हुन्थ्यो, त्यो जोगिएको छ।'

गरिब तथा विपन्न परिवारले कपडा खरिदमा खर्च गर्नुपर्ने रकम शिक्षा, स्वास्थ्य वा अन्य आवश्यक क्षेत्रमा प्रयोग गर्न पाएका कार्कीले जनाए।

'कपडा आयातमा समेत दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पर्ने र व्यापार घाटा कम गर्न टेवा पुग्ने देखिन्छ, सबैभन्दा महत्वपूर्ण सफा, सुन्दर र वातावरणमैत्री पालिका निर्माणमा क्लोथ बैंकको अभियानले उल्लेखनीय योगदान पुऱ्याइरहेको छ।'-कार्कीले भने।

मानवीय सेवामा पुऱ्याएको योगदानका कारण कमल जीसी नेपाल प्रहरीका विभिन्न कार्यालय, विभिन्न स्थानीय तह तथा सामाजिक संस्थाबाट सम्मानित भइसकेका छन्। आफूलाई महानायक राजेश हमालले संरक्षकको रुपमा र अस्पताल व्यवसायी प्रणिण टण्डनले क्लोथ बैंक सञ्चालनका क्रममा आइपर्ने आर्थिक समस्यामा गर्जो टार्न साथ-सहयोग दिने गरेको कमलले उल्लेख गरे । कमलले आफ्नो अभियान निःशुल्क कपडा बाँड्ने मात्र नभई नेपालको सामाजिक संस्कार परिवर्तन गर्ने प्रयास भएको तर्क गर्छन्। 'एउटा घरमा अनावश्यक बनेको वस्तु अर्को घरको आवश्यकता बन्न सक्छ भन्ने संस्कार स्थापित गर्दै क्लोथ बैंकले दानलाई सम्मानमा, फोहोरलाई स्रोतमा र परोपकारलाई दिगो सामाजिक प्रणालीमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ,' कमलले भने-'राज्यले फोहोर व्यवस्थापनदेखि विपद् राहतसम्म प्रत्यक्ष लाभ पाएको छ।'

**ट्राफिक ...**

ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन प्रहरीले नयाँ प्रविधिको समेत उच्चतम प्रयोग गर्न थालेको छ। सिद्धार्थनगर नगरपालिका-१, बेलहिया नाका हुँदै भारतबाट नेपाल प्रवेश गर्ने यात्रुवाहक तथा अन्य सवारीसाधनहरूको चेकजाँच र सुरक्षित अभिलेखका लागि ट्राफिक कन्ट्रोल एपमार्फत् २४सैं घण्टा इन्ट्री गर्ने व्यवस्था मिलाइएको छ । हालसम्म यस प्रणालीमा ११ हजार ९० वटा भारतीय सवारीसाधन दर्ता भइसकेका छन् । यसैगरी, बुटवल र भैरहवाबिचको तिलोत्तमा नगरपालिका-१५, पत्थरडाँडामा नम्बर प्लेटसहित पहिचान गर्ने अटोमेटिक नम्बर प्लेट रिकग्निसन एएनपीआर क्यामेरा पुनः सञ्चालनमा ल्याइएको छ । विगतमा जेनजी आन्दोलनका बेला नष्ट पारिएको उक्त स्वचालित क्यामेराले अहिले प्रत्येक सवारीसाधनको गति मापन गर्दै निगरानी बढाइरहेको छ। सिट क्षमताभन्दा बढी यात्रु बोक्ने र तोकिएको सीमाभन्दा तीव्र गतिमा सवारी चलाउनेलाई पनि कडा कारबाही गरिँदैछ। सडक सुरक्षा बढाउन विभिन्न संघ-संस्था र स्थानीय तहहरूसँगको समन्वयमा सडक खण्डहरूमा ब्यारिकेड, ट्राफिक संकेत र जनचेतनामूलक होर्डिङ बोर्डहरू राख्दै समग्र ट्राफिक व्यवस्थापनलाई थप चुस्त-दुरुस्त र प्रविधिमैत्री बनाइएको छ।


## क्राउन रिजर्व डिस्टिलरी लिमिटेड

शुद्धोधन-३, रूपन्देही

यस उद्योगबाट उत्पादित निम्न लिखित ब्राण्डहरुको मदिरा आ.व. २०८३/२०८४ को लागि अर्को सूचना प्रकाशित नहुँदासम्मको लागि मिति २०८३/०४/१० गतेदेखि लागु हुने गरी निम्न लिखित मूल्यमा बिक्री/वितरण गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Brands | UP | ML | Dealer Price | Dealer Commission | Wholesale Price | Wholesale Commission | Retail Price | Retail Commission | Consumer Price | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | Per Case | Per Bottle |
| 1 | Picnic | 50 | 180 | 6500 | 290 | 6790 | 310 | 7100 | 1300 | 8400 | 175 |
| 2 | Heater xxx | 50 | 180 | 6500 | 290 | 6790 | 310 | 7100 | 1300 | 8400 | 175 |
| 3 | Ruchi | 70 | 300 | 1350 | 75 | 1425 | 60 | 1485 | 765 | 2250 | 75 |
| 4 | Eden Premium | 70 | 300 | 1350 | 75 | 1425 | 60 | 1485 | 765 | 2250 | 75 |
| 5 | Glider Premium | 70 | 300 | 1240 | 65 | 1305 | 55 | 1360 | 740 | 2100 | 70 |
| 6 | Pukar Litchi | 70 | 300 | 1150 | 60 | 1210 | 55 | 1265 | 685 | 1950 | 65 |
| 7 | Ruchi Orange | 70 | 300 | 1150 | 60 | 1210 | 55 | 1265 | 685 | 1950 | 65 |
| 8 | Ruchi Apple | 70 | 300 | 1150 | 60 | 1210 | 55 | 1265 | 685 | 1950 | 65 |

**नोटःउपरोक्त मूल्यमा मु.अ.कर समेत समावेश गरिएको छ।**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# अन्तर्राष्ट्रिय होटलको नेतृत्व गरेका काशिरामले हाँकिरहेछन् लुम्बिनी ग्रीन रिसोर्ट




कपिलवस्तु । दाङ जिल्लाको तुलसीपुर-४, बनहरीको सामान्य ग्रामीण परिवेशबाट सुरु भएको काशीराम अधिकारीको हस्पिटालिटी करियरको यात्रा अन्तर्राष्ट्रिय होटलहरुको नेतृत्वसम्म पुगेर अहिले नेपालको उदीयमान होटल समूहको नेतृत्वसम्म पुगेको छ । उनी अहिले लुम्बिनी ग्रीन होटल्स एण्ड रिसोर्ट्र्सका प्रमुख कार्यकारी अधिकृत छन् । करिब तीन दशकको व्यावसायिक अनुभव बोकेका अधिकारीले केही वर्षदेखि कपिलवस्तुको चन्द्रौटामा रहेको लुम्बिनी ग्रीन रिसोर्टसहित लमहीको ग्रीन लुम्बिनी होटलको समेत व्यवस्थापकीय नेतृत्व गरेका छन् । रिसोर्टमा क्यासिनो समेत सञ्चालनमा छ । यो समूहले छिट्टै अर्घाखाँचीको नरपानी र भारतको अयोध्यामा पनि होटलको शाखा विस्तार गर्दैछ । लुम्बिनी ग्रीन होटल्स एण्ड रिसोर्ट्र्सका मुख्य लगानीकर्ता लक्ष्मण भण्डारी हुन् ।

**गाउँको सपना, विश्वस्तरको अनुभव**

वि.सं. २०३४ असार २९ गते जन्मिएका अधिकारीले सन् १९९९ मा भारतको प्रतिष्ठित सरवाना भवन समूहबाट आतिथ्य क्षेत्रमा आफ्नो करिअर सुरु गरेका थिए । चेन्नई, नयाँदिल्ली र भेल्लोरमा काम गर्दै उनले होटल तथा रेष्टुरेण्ट सञ्चालनका आधारभूत सीप, अनुशासन र सेवा संस्कृतिको गहिरो अनुभव हासिल गरे । यही अनुभवले भविष्यमा अन्तर्राष्ट्रियस्तरको नेतृत्वका लागि बलियो आधार तयार गरिदियो ।

व्यावसायिक क्षमताकै आधारमा सन् २००५ मा उनी मलेसियाको वाईटीएल होटल्समा आबद्ध भए । सन् २०१३ सम्मको अवधिमा उनले पाङ्कोर लाउट रिसोर्ट, द रिट्ज-कार्लटन क्वालालम्पुर र जेडब्लु म्यारियट होटल क्वालालम्पुरजस्ता विश्वस्तरीय होटल तथा रिसोर्टमा नेतृत्वदायी जिम्मेवारी सम्हाले । लक्जरी होटल सञ्चालन, सेवा व्यवस्थापन र बहुसांस्कृतिक कार्य टोलीको नेतृत्व गर्दै उनले अन्तर्राष्ट्रिय आतिथ्य उद्योगको गहिरो अनुभव बटुले । विशेषगरी रिट्ज-कार्लटनको लेडिज एण्ड जेन्टलम्यान सर्भिङ लेडिज एण्ड जेन्टलम्यान भन्ने सेवा दर्शनले उनको नेतृत्व शैलीलाई अझ परिष्कृत बनाएको छ ।

सन् २०१३ को अन्त्यतिर अधिकारी सिंगापुरस्थित केओपी हस्पिटालिटीसँग आबद्ध भए । त्यसपछि इन्डोनेसियाको बाटाम र बालीस्थित मोन्टिगो रिसोर्ट्र्समा उनले रिसोर्ट सञ्चालनको अनुभव लिए । त्यसपश्चात् म्यानमारको ट्रिप बाइ विन्डहाम याङ्गुनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै होटल सञ्चालन, सेवा संस्कृति विकास र आम्दानी व्यवस्थापनमा उल्लेखनीय सफलता हासिल गरे ।

**विदेशी अनुभवलाई नेपालमै रूपान्तरण**

विदेशमा लामो समय अनुभव सँगालेपछि अधिकारी नेपाल फर्किए । बुटवलस्थित होटल दा फ्लेमिङ्गोको प्रि-ओपनिङ जनरल म्यानेजरका रूपमा उनले होटल सञ्चालनको सम्पूर्ण तयारीदेखि सफल उद्घाटनसम्मको नेतृत्व गरे । त्यसपछि सिद्धार्थ हस्पिटालिटी ग्रुपमा आबद्ध हुँदै सिद्धार्थ होटल नेपालगञ्ज, सिद्धार्थ विलासा भैरहवालगायतका होटलमा जनरल म्यानेजर, क्लस्टर जनरल म्यानेजर तथा प्रि-ओपनिङ जनरल म्यानेजरको जिम्मेवारी सम्हाले । कोहलपुरस्थित होटल सेन्ट्रल प्लाजाका प्रमुख सञ्चालन अधिकृत (सीओओ)का रूपमा पनि उनले संस्थागत पुनर्संरचना र सञ्चालन सुधारमा रणनीतिक भूमिका खेले ।

हाल लुम्बिनी ग्रीन होटल्स एण्ड रिसोर्ट्र्सको नेतृत्व गरिरहेका अधिकारीले सेवा उत्कृष्टता, दक्ष जनशक्ति विकास र दिगो पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेका छन् ।

अधिकारीका अनुसार सकारात्मक सोंच, इमान्दारिता र असल चरित्र नै सफल नेतृत्वको दीर्घकालीन आधार हुन् । उनले आफू आबद्ध रहेका संस्थाहरूमा यही सिद्धान्तलाई व्यवस्थापनको मूल आधार बनाउँदै आएको बताउँछन् ।

होटल व्यवस्थापनमा मात्र सीमित नभई अधिकारी प्रशिक्षक र मार्गदर्शकका रूपमा पनि परिचित छन् । उनले युवा होटल व्यवसायी, व्यवस्थापनकर्मी र विद्यार्थीलाई व्यावसायिक दक्षता, सेवा संस्कार र नेतृत्व विकासका विषयमा निरन्तर प्रेरित गर्दै आएका छन् ।

दाङको एउटा सामान्य गाउँबाट सुरु भएको यात्रा आज एसियाका प्रतिष्ठित होटल तथा रिसोर्ट हुँदै नेपालको उदीयमान होटल समूहको नेतृत्वसम्म पुगेको छ । काशीराम अधिकारीको संघर्ष, निरन्तर सिकाइ र व्यावसायिक समर्पणले अवसर खोज्ने युवालाई एउटा स्पष्ट सन्देश दिन्छ-दृढ इच्छाशक्ति, मेहनत र गुणस्तरीय सेवाप्रतिको प्रतिबद्धताले अन्तर्राष्ट्रिय सफलताको ढोका खोल्न सक्छ ।

अधिकारीले नेतृत्व गरेको लुम्बिनी ग्रीन होटल्स एण्ड रिसोर्ट्र्समा हाल १५० बढी कर्मचारी कार्यरत छन् । निर्माणाधीन दुई होटल सञ्चालनमा आउंदा थप कम्तीमा सय जनाले रोजगारी पाउनेछन् ।

मृदुभाषी र सबैलाई सम्मान गर्ने संस्कारका धनी काशिरामको कुशल नेतृत्वमा लुम्बिनी ग्रीन होटल्स एण्ड रिसोर्ट्र्सले हस्पिटालिटी क्षेत्रमा उदियमान प्रोपर्टीको छवि र पहिचानलाई थप उचाईमा पुऱ्याएको सञ्चालक र लगानीकर्ताहरु बताउँछन् ।

# सत्यवतीको विकास यात्राले तोड्दै 'बुढा नेता'को भाष्य




**प्रेम सुनार**
*गुल्मी*

पछिल्ला वर्षहरूमा नेपाली राजनीतिमा एउटा बहस बारम्बार उठ्ने गरेको छ–'अब पाका नेताहरूले ठाउँ छाड्नुपर्छ ।' नयाँ पुस्ताको नेतृत्व आवश्यक रहेको तर्कसँगै उमेरलाई नै नेतृत्वको मापन गर्ने प्रवृत्ति पनि बढेको देखिन्छ । तर गुल्मीको सत्यवती गाउँपालिकाले भने एउटा फरक सन्देश दिइरहेको छ । यहाँ उमेरभन्दा दृष्टिकोण, अनुभव र काम गर्ने इच्छाशक्तिले परिणाम दिन सक्छ भन्ने उदाहरण विकासका तथ्यहरूले पुष्टि गरिरहेका छन् ।

सत्यवती गाउँपालिकाका अध्यक्ष टिकाराम पाण्डे उमेरले पाका नेता हुन् । उनीभन्दा अघिका अध्यक्ष पारिश्वर ढकाल पनि अनुभवी नेतृत्वकै प्रतिनिधि थिए । तर यी दुवै नेतृत्वको निरन्तरताले सत्यवतीमा कृषि, पशुपालन, पूर्वाधार, शिक्षा र स्थानीय अर्थतन्त्रमा देखिएको परिवर्तनले 'बुढा नेताले अब केही गर्न सक्दैनन्' भन्ने भाष्यलाई चुनौती दिएको छ ।

**उपभोक्ताबाट आपूर्तिकर्तासम्मको यात्रा**

कुनै समय सत्यवतीका अधिकांश दैनिक उपभोग्य सामग्री बुटवललगायतका शहरबाट गाउँ भित्रिने गर्थे । गाउँ उत्पादनभन्दा उपभोगमा बढी निर्भर थियो । तर अहिले तस्विर फेरिएको छ । आज सत्यवतीमा उत्पादित कृषि तथा पशुजन्य वस्तु वार्षिक करिब १२ करोड रुपैयाँ बराबरको बुटवलसहित विभिन्न बजारमा पुगिरहेको छ । यो केवल उत्पादन बढेको तथ्य मात्र होइन, गाउँको आर्थिक संरचनामा आएको गहिरो परिवर्तनको संकेत पनि हो ।

हिजो बजारमा निर्भर रहेको गाउँ आज आफैं बजारलाई आपूर्ति गर्ने अवस्थामा पुगेको छ । स्थानीय किसानको पसिना अब गाउँमै सीमित छैन, त्यसले शहरको बजारसम्म पहुँच बनाइसकेको छ । यही परिवर्तनले सत्यवतीलाई कृषि उत्पादनको केन्द्रका रूपमा चिनाउन थालेको छ ।

**निर्वाहमुखी कृषिबाट व्यावसायिक उत्पादनतर्फ**

सत्यवती गाउँपालिकाले कृषिलाई केवल परम्परागत पेशाका रूपमा होइन, स्थानीय अर्थतन्त्रको मुख्य आधारका रूपमा विकास गर्ने रणनीति अघि सारेको छ ।

आगामी आर्थिक वर्षका योजनामा गाई-भैंसी वितरण, दूध उत्पादन वृद्धि, तरकारी खेती विस्तार, बाँझो जमिनको उपयोग, भूमि बैंक सञ्चालन तथा कृषि यान्त्रिकीकरणलाई प्राथमिकता दिइएको छ । गाउँपालिकाले वार्षिक ९ करोड रुपैयाँ बराबरको दूध निर्यात गर्ने लक्ष्य राखेको छ भने तरकारीबाट थप ३ करोड रुपैयाँ बराबरको उत्पादन बाहिर पठाउने योजना बनाएको छ ।

यससँगै अलैंची, कफी, मह, फलफूल, अदुवा, बेसार, टिमुर, बेमौसमी तरकारीजस्ता उच्च मूल्यका उत्पादनलाई व्यावसायिक बनाउने नीति लिइएको छ । यसले कृषि उत्पादनलाई मात्र होइन, स्थानीय रोजगारी र आयआर्जनलाई समेत नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

**सडकले जोड्दै गाउँको सम्भावना**

कृषि उत्पादन बढे पनि बजारसम्म पुग्ने सडक नहुँदा किसानले लाभ लिन सक्दैनन् भन्ने यथार्थलाई गाउँपालिकाले बुझेको छ । त्यसैले सडक पूर्वाधारलाई विकासको अर्को प्राथमिकतामा राखिएको छ ।

रुद्रवेणी- अश्लेवा- ठूलोलुम्पेक सडकको ११.५ किलोमिटर, शाहाघाट- लिम्घा सडकको ५ किलोमिटर तथा खैरेनी- जोहाङ- भार्से सडकको १० किलोमिटर सडक ढलान तथा कालोपत्रे गर्ने लक्ष्यले ग्रामीण बस्तीलाई सहज यातायातसँग जोड्ने अपेक्षा गरिएको छ । पूर्वाधार विस्तारले कृषि उत्पादनको बजार पहुँच बढाउने मात्र होइन, शिक्षा, स्वास्थ्य, पर्यटन र अन्य आर्थिक गतिविधिलाई पनि गति दिने विश्वास गाउँपालिकाको छ ।

**शिक्षामा पनि नयाँ सोंच**

सत्यवतीको विकास कृषि र सडकमा मात्र सीमित छैन । शिक्षालाई पनि प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउने योजना अघि सारिएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड, छात्रवृत्ति कार्यक्रम, एसईईमा ४ जीपीए ल्याउने विद्यार्थीलाई एक लाख रुपैयाँसम्म प्रोत्साहन, विद्यालयमा स्मार्टबोर्ड, आईसीटी ल्याब तथा डिजिटल ई-हाजिरीको व्यवस्था जस्ता कार्यक्रमले गाउँमै गुणस्तरीय शिक्षा दिने प्रयासलाई बल दिएका छन् । यसले गाउँबाट युवाको पलायन रोक्न र दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**अनुभवको मूल्य**

राजनीतिमा पुस्तान्तरण आवश्यक छ । नयाँ पुस्ताको सहभागिता लोकतन्त्रका लागि सकारात्मक विषय हो । तर त्यसकै नाममा अनुभव र परिणामलाई बेवास्ता गर्नु उचित नहुने तर्क सत्यवतीको उदाहरणले अघि सारेको छ ।

यहाँ विकासका योजनाले देखाएको उपलब्धिले नेतृत्वको मूल्यांकन उमेरबाट होइन, कामबाट हुनुपर्ने सन्देश दिएको छ । अनुभवी नेतृत्वले दीर्घकालीन योजना, स्थानीय आवश्यकता र विकासको निरन्तरतामा दिएको योगदानलाई पनि उत्तिकै महत्व दिनुपर्ने देखिन्छ ।

**सत्यवतीले उठाएको प्रश्न**

सत्यवती गाउँपालिकाको विकास यात्रा केवल एउटा स्थानीय तहको प्रगतिको कथा होइन । यो नेतृत्व, सोंच र विकासबीचको सम्बन्धबारे गम्भीर सन्देश पनि हो ।

हिजो दैनिक उपभोग्य सामग्रीका लागि शहरमा निर्भर गाउँ आज आफ्नै उत्पादनबाट करोडौं रुपैयाँको आर्थिक गतिविधि सिर्जना गर्दै शहरलाई आपूर्ति गरिरहेको छ । कृषि, पशुपालन, सडक, शिक्षा र स्थानीय अर्थतन्त्रमा देखिएको यो परिवर्तनले आत्मनिर्भरताको आधार बलियो बनाउँदै गएको छ ।

# नक्कली पेस्तोलसहित नक्कली घुमुवा प्रहरी पक्राउ



भैरहवा । रुपन्देहीको भैरहवा बजारमा आफूलाई जिल्ला प्रहरी कार्यालयको घुमुवा प्रहरी भएको दाबी गर्दै व्यापारी तथा सर्वसाधारणलाई तर्साएर रकम असुल्न खोज्ने एक व्यक्तिलाई रूपन्देही प्रहरीले पक्राउ गरेको छ । नक्कली पेस्तोल देखाएर जबर्जस्ती पैसा असुल्ने प्रयास गरिरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनलाई हतियार र लागुऔषधसहित नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा रुपन्देहीको सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थायी घर भई हाल ओमसतिया गाउँपालिका वडा नं. ४ स्थित बालापुरमा कोठा भाडामा लिएर बस्दै आएका ४९ वर्षीय राकेश प्रताप राणा रहेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार, राणाले मिति २०८३ साउन ८ गते बेलुका अन्दाजी साढे सात बजेको समयमा भैरहवा बजार क्षेत्रमा आफू सादा पोसाकको प्रहरी भएको भन्दै आतंक मच्चाएका थिए । उनले कम्मरमा राखिएको हतियार देखाएर सर्वसाधारणसँग १० हजार रुपैयाँ माग गरिरहेको भन्ने विशेष सूचना प्रहरीमा पुगेको थियो ।

सोही सूचनालाई तत्काल पछ्याउँदै जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको विशेष प्रहरी टोलीले राणालाई सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थित शान्तिनगर क्षेत्रमा फेला पारी नियन्त्रणमा लिएको थियो । पक्राउ परेपछि प्रहरीले कानुनबमोजिम उनको शरीर तथा उनले भाडामा लिएर बस्दै आएको बालापुरस्थित कोठामा विस्तृत खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा उनको कोठाबाट मानिस तर्साउन प्रयोग गरिएको एक थान नक्कली रिभल्भर बरामद गरिएको छ । यसका साथै, कोठामा लुकाइ छिपाइ राखिएको अवस्थामा ५०० ग्राम लागुऔषध गाँजा, एक थान सवारी चालक अनुमतिपत्र, भिभो कम्पनीको एक थान एन्ड्रोइड मोबाइल र नेपाली नगद २ हजार ६ सय रुपैयाँ समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए ।

नक्कली हतियारको आडमा प्रहरीकै नाम बेचेर रकम असुलीमा संलग्न रहेको र साथबाट लागुऔषधसमेत फेला परेको हुनाले यस घटनालाई प्रहरीले अत्यन्त गम्भीरतापूर्वक लिएको छ । हाल पक्राउ परेका राणालाई हिरासतमा राखी उनीमाथि ठगी, लागुऔषध र अन्य सम्भावित अपराधका सम्बन्धमा थप अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

# मुख्यमन्त्री कँडेलले दिए राजीनामा



बुटवल । कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले राजीनामा दिएका छन् । शनिबार बसेको प्रदेशसभाको बैठकलाई सम्बोधन गर्दै उनले राजीनामा घोषणा गरेका हुन् ।

गत असार ३२ गते काँग्रेस र नेकपाका १६ सांसदले मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वासको प्रस्ताव प्रदेशसभामा दर्ता गराएका थिए । शनिबार दिउँसो तीन बजे मुख्यमन्त्रीले प्रदेशसभामा अविश्वास प्रस्तावमाथि छलफल गर्ने प्रयोजनका लागि बैठक आह्वान गरिएको थियो ।

गत असार ३१ गते कर्णाली प्रदेश सरकारबाट सत्ता साझेदार दल काँग्रेसका चार मन्त्रीहरूले सामूहिक राजीनामा दिएका थिए । आर्थिक मामिला मन्त्री राजीवविक्रम शाह, जलस्रोत मन्त्री विजया बुढा, सामाजिक विकास मन्त्री घनश्याम भण्डारी र उद्योग, पर्यटन, वन तथा वातावरण सुरेश अधिकारीले राजीनामा दिएका थिए ।

कँडेल २०८० साल चैत २७ गते मुख्यमन्त्री नियुक्त भएका थिए । त्यति बेला तत्कालीन माओवादीले समर्थन गरेको थियो । केन्द्रमा प्रचण्ड नेतृत्वको सरकार ढलेपछि काँग्रेस-एमालेले प्रदेश सरकारमा समेत गठबन्धन गरेका थिए ।

सोही अनुसार २०८१ साल साउनमा कर्णाली प्रदेश सरकारमा काँग्रेस सहभागी भएको थियो । एमालेले सत्ता सहकार्यमा धोका दिएको र पूर्व सहमति अनुसार काँग्रेसलाई सत्ता हस्तान्तरण नगरेको आरोप लगाउँदै आएको थियो ।

काँग्रेसका चार मन्त्रीले राजीनामा दिएको भोली पल्ट नै काँग्रेसले नेकपासँग सत्ता सहकार्य अगाडी बढाएको छ । सोही अनुसार मुख्यमन्त्री कँडेल नेतृत्वको सरकारविरुद्ध अविश्वासको प्रस्ताव गर्दा गराएका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com